# पान बुलेटिन

## नेपाल जनप्रशासन संघको सूचनामूलक प्रकाशन

बर्ष २१ | भाद्र-मार्ग २०८० (डिसेम्बर २०२३) | अंक ३२


## अध्यक्षको सन्देश



नेपाल जन प्रशासन संघ नेपाल राज्यको अभिन्न अंगको रुपमा रहेर प्रशासन र व्यवस्थापनका विविध क्षेत्रमा कार्यरत प्राज्ञिक, प्रशासक र व्यवस्थापकबीचको पारस्परिक पेशागत सम्बन्धलाई मर्यादित र सुदृढ गर्दै सार्वजनिक क्षेत्रको नीति निर्माण तथा मूल्याङ्कनमा व्यावसायिक पृष्ठपोषण गर्ने उद्देश्यले वि.सं.२०४७ साल भाद्र १३ गते स्थापना भएको हो । नेपालको विकासको प्रक्रियामा शक्ति पृथकीकरण र शक्ति सन्तुलनलाई दिगो विकासको अवधारणा तथा रणनीतिलाई आत्मसात् गर्दै राष्ट्र र समाजप्रतिको गहनतम् दायित्व बहन तथा जन प्रशासनको क्षेत्रमा आवश्यक बहुपक्षिय योगदान पुरयाउने एक स्वाशासित, गैर नाफामुलक, व्यवसायिक संगठनको रुपमा संगठित भई प्रशासनको विविध पक्षमा क्रियाशील रहेको छ ।

सरकारी निकाय, सार्वजनिक संस्थान तथा अन्य संगठित संघ संस्था तथा सार्वजनिक सेवा व्यवस्थापन लगायतका विषयमा केन्द्रियस्तरदेखि स्थानीयस्तरसम्मका सार्वजनिक प्रशासनको विविध आयाममा विभिन्न समसामयिक, व्यावहारिक विचार तथा दृष्टिकोणलाई परस्परमा आदान प्रदान गर्ने तथा जन प्रशासनको क्षेत्रमा ज्ञान तथा अनुभवको आदान प्रदान गरी व्यवसायीक पृष्ठपोषण गर्दै आएको यस संस्थाले विधिको शासन, सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिताको सुनिश्चिता गरी गुणस्तरीय सेवा प्रवाह गर्दै कानुनी राज्य कायम हुनुपर्छ भन्ने मान्यतालाई संघले आत्मसात् गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्ध विस्तार, छलफल गोष्ठी लगायतको सभा सम्मेलनमा सहभागिता जनाउनुका साथै संघले राष्ट्रियस्तरमा विभिन्न कार्यक्रमको आयोजना गर्ने गरेको छ ।

कानुनी राज्यको बोध, दिगो विकास सम्बन्धी अवधारणा अनुरुप राज्यको दायित्व निर्वाह गर्दै सरकारी निकाय, सार्वजनिक संस्थान एवं सार्वजनिक व्यवस्थापनको क्षेत्रमा सल्लाहकार, परामर्शदाता एवं प्रशिक्षण सेवा प्रदान, प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग समन्वय, अध्ययन अनुसन्धान नीति निर्माणमा विशेष सेवा प्रदान गर्न सदैव तत्पर र प्रतिबद्ध रहेको छ। जन प्रशासन र सरकार एक अर्काका परिपूरक हुने हुँदा यसैको सेरोफेरोमा रही संघको २३ औं साधारण सभाको अवसरमा "Political transitions and Nepal's upcoming Government: Challenges and Opportunities" विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो भने यसवर्ष "Inclusive Development in Nepal: The Role of Public Administration" विषयक कार्यपत्र प्रस्तुती सहितको राष्टिय सम्मेलनको आयोजना गरिएको छ ।

अन्त्यमा, २०८० पौष महिनामा हुन गई रहेको संघको वार्षिक साधारण सभाले आगामी २ वर्षको लागि संघको नेतृत्व चयन गर्दा संघको योगदान र गरिमा उच्च राख्न पदका लागि पदभार ग्रहण नगरी संस्थालाई संस्थागत सोच मुल्य र मान्यता अनुरुप सञ्चालन गर्न सक्षम नेतृत्व र लगनशील व्यक्तिको छनौट गरी संघलाई नयां आयामबाट चलायमान बनाउन हामी सबैको उत्तिकै दायित्व र जिम्मेवारी रहन्छ ।

## PAAN TALK कार्यक्रम

नेपाल जनप्रशासन संघले प्रत्येक १५/१५ दिनको अन्तरालमा समसामयिक विषयबस्तु, जनप्रशासन, सार्वजनिक सेवा, प्रभावकारिता सार्वजनिक प्रशासन र व्यवस्थापन सम्बन्धी छलफलको आयोजना गरेको छ ।

- मिति २०८० भाद्र १३ गतेका दिन प्रा. डा. सुवर्ण शाक्यले Cyber Security & Digitalization in Nepal Government विषयमा आफनो प्रस्तुती प्रस्तुत गर्नु भएको थियो ।
- मिति २०८० आश्विन १० गतेका दिन पूर्व महालेखा परीक्षक श्री भानु प्रसाद आचार्यले **आर्थिक अवस्था** सम्बन्धमा समसामयिक बहस विषयमा आफनो प्रस्तुती प्रस्तुत गर्नु भएको थियो ।
- मिति २०८० कार्तिक २२ गतेका दिन नेपाल सरकारका पूर्व सचिव श्री जीवन प्रभा लामाले **स्वच्छ खानपान : स्वस्थ्य उत्सव** विषयमा आफनो प्रस्तुती प्रस्तुत गर्नु भएको थियो ।
- मिति २०८० मार्ग २० गतेका दिन न्यूजिल्याण्ड सरकारको सेवामा आबद्ध श्री त्रिभुवन श्रेष्ठले Contract Management विषयमा आफ्नो प्रस्तुती प्रस्तुत गर्नु भएको थियो ।


प्रकाशक:

**नेपाल जन-प्रशासन संघ**

Public Administration Association of Nepal (PAAN)

हरिहर भवन, ललितपुर, नेपाल



E-mail: paan.kathmandu@gmail.com, info@paan.org.np # Website: www.paan.org.np, Tel.: 01-5424470

## नेपाल जन-प्रशासन संघको आजीवन सदस्यता प्रदान

नेपाल जन प्रशासन संघको आजीवन तथा संस्थागत सदस्यता प्राप्त गर्नुहुने तपसिलमा उल्लेखित सबै सदस्यलाई हार्दिक बधाई ।

| क्र.सं. | आजीवन सदस्यता | क्र.सं. | संस्थागत सदस्यता |
|---|---|---|---|
| १ | ध्रुव प्रसाद तिवारी- वरिष्ठ प्र., कर्मचारी संचय कोष | १. | कर्मचारी सञ्चय कोष |
| २. | चक्र बहादुर बुढा- सह सचिव, नेपाल सरकार | २. | साल्ट ट्रेडिङ्ग कर्पोरेशन |
| ३. | विमला अधिकारी-उप सचिव अर्थ मन्त्रालय | ३. | राष्ट्रिय वाणिज्य बैंक |

## अन्तर्राष्ट्रिय सम्बन्ध

- अन्तर्राष्टिय सम्बन्ध विस्तार गर्ने क्रममा संघले फ्रान्समा रहेको International Public Policy Association (IPPA) संग Memorandum of Understanding (MOU) सम्पन्न गरेको छ।
- यसैगरी बंगलादेशमा रहेको South Asian Network for Public Administration (SANPA) र संघ बीच आपसी सहकार्यका लागि Memorandum of Understanding (MOU) को लागि अन्तिम चरणमा पुगी दस्तखत गर्ने क्रममा रहेको छ ।

## अन्य गतिविधि

- संघले विभिन्न कार्यालयमा तालिम तथा परामशी सेवा प्रदान गरेकोमा यस आ.ब मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको रणनीतिक योजना तर्जुमा गरी प्रतिवेदन गर्नको लागि सम्झौता भएको ।
- मिति २०८०।०६।०९ का दिन राष्टिय सभागृहमा काठमाण्डौ महानगरपालिकाद्वारा आयोजित डा. गौरीशंकर लाल दासको जन्म शताब्दी अभिनन्दन कार्यक्रममा नेपाल जन प्रशासन संघको तर्फबाट समेत अभिनन्दन गरिएको ।
- मिति २०८०।०७।२२ का दिन २०८० का चाडपर्वहरु वडा दशैं, तिहार, नेपाल सम्वत, छठ, लोसार लगायतका सबै चाडपर्वहरुको उपलक्ष्यमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भयो ।






## नेपाल जनप्रशासन संघका सेवाहरु

- सार्वजनिक प्रशासन व्यवस्थापन तथा अन्य समसामायिक विषयमा राष्ट्रिय/अन्तर्राष्ट्रिय तालिम संचालन गर्ने । वैदेशिक तालिममा सहभागिताको लागि सहजीकरण तथा व्यवस्थापन सम्बन्धी कार्य ।
- अध्ययन, अनुसन्धान, नीति, नियम, O&M र अन्य विविध विषयमा विज्ञ तथा परामर्श सेवा सम्बन्धी कार्य ।

**सम्पर्क:**

नेपाल जन-प्रशासन संघ (PAAN)
हरिहर भवन, पुल्चोक, ललितपुर ।
इमेल: paan.kathmandu@gmail.com
फोन : ०१-५४२४४७०

## सदस्यता अद्यावधिक एवं साधारण सभा सम्बन्धी जरूरी सूचना

नेपाल जन-प्रशासन संघको २४ औ साधारण सभा एवंम १९ औ राष्ट्रिय सम्मेलन निम्न स्थान मिति र समयमा बस्ने सम्बन्धमा सबै सदस्यहरुलाई इमेल पठाई सकिएको व्यहोरा जानकारी गराउदछौं । उक्त इमेल पत्र प्राप्त नभएको भएता पनि यसै सूचनालाई आधारमानि साधारणसभामा उपस्थितिका लागि अनुरोध छ ।

साथै यस संस्थाको हाल कायम सदस्यहरुमध्ये केही विदेशमा स्थायी बसोवास गरी बसेको, केहीको मृत्यु भएको, केही नेपालमै भएता पनि सम्पर्कमा नरहेको तथा ठेगाना र सम्पर्क नम्बर परिवर्तन भई पत्राचार गर्न कठिन भएको कारणले साधारण सभाको गणपुरक संख्यामा समेत असर पर्ने भएको हुँदा यही **२०८० मंसिर मसान्त**सम्म सबै सदस्यहरुले www.paan.org.np मार्फत वा इमेल ठेगाना paan.kathmandu@gmail मार्फत आफनो विवरण अध्यावधिक गर्नु हुन अनुरोध छ । तोकिएको समयभित्र सदस्यता अध्यावधिक नगर्ने सदस्यको सदस्यता अध्यावधिक नगरेसम्म स्थगन राखी अध्यावधिक भएका सदस्य संख्यालाई आधारमानि संस्थाको काम कारवाहि अघि बढाइने सम्बन्धी मिति २०७५।१०।०४ को कार्य समितिको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**कार्यक्रम:**

स्थान: Arpan Banquet Pvt.Ltd., New Baneswor, KTM.
मिति: २०८० पौष १४ गते शनिवार
समय: बिहान ८:०० बजेदेखि
सम्पर्क: ९८४१३५०२८०, ९८५१०८६८११, ९८५१२३४७००

**आयोजक:**

नेपाल जन-प्रशासन संघ (PAAN)
पुल्चोक, ललितपुर ।
फोन नं.: ०१-५४२४४७०

## सेवा प्रवाहमा सुधारका सूत्रहरु



- कृष्णहरि बास्कोटा

**क्षतिपूर्तिसहितको वडापत्र :**
सुशासन ऐन, २०६४ को व्यबस्था अनुसार सबै सेवा प्रवाह गर्ने कायालयहरुमा रु ५ हजार क्षतिपूर्तिसहितको नागरिक बडापत्रको व्यबस्था गर्नुपर्छ । नागरिक वडापत्रमा तोकिएको समय सीमाभित्र सेवा प्रवाह नभएमा तत्कालै क्षतिपूर्ति पाउने प्रबन्ध गर्नुपर्छ ।

**कार्यप्रबाह तालिका :**
प्रत्येक सरकारी कार्यालयमा नागरिक वडापत्रले व्यबस्था गरे अनुसारका सेवा प्रवाहका कामहरु के कसरी कुन कुन टेबुलमा सर्दै जान्छन् र कार्य सम्पन्न हुन्छ भन्ने तालीका सार्वजनिक गरिईनु पर्छ ।

**आन्तरिक कार्यदिग्दर्शन :**
प्रत्येक सरकारी निकायमा नागरिकलाई प्रदान गरिने सेवा प्रवाह गर्न अनुशरण गरिने सबै कार्यचरणहरु खुलेको दिग्दर्शन जारी गर्नुपर्छ । यस्मा हरेक पदाधिकारीले सम्पादन गर्ने काम समेत उल्लेख हुनुपर्छ ।

**एकद्धार पद्धति अर्थात् डेक्स सिष्टमः**
संभव भएसम्म एकजना सेवाग्राहीले मांग गरेका सेवाहरु एउटै स्थानबाट प्रवाह गर्नुपर्छ । यसरी नागरिक कोठा कोठा र टेबुल टेबुल चाहर्दे हिड्नु पर्ने प्रणाली खारेज गर्नुपर्छ ।

**घर दैलो (घुम्ती सेवा) सेवा :**
आम नागरिकको हितका लागि घुम्ती सेवा संचालन गर्नुपर्छ । यस्का लागि अनलाईन सेवा प्रवाह बढि प्रभावकारी देखिएको छ । साथै विहान बेलुकी सिफ्टमा कर्मचारी खटाएर पनि सेवा प्रवाह गर्न सकिन्छ ।

**गुनासो व्यबस्थापन :**
सेवा प्रवाहमा रहेको प्रशासनिक सास्तीहरुलाई हटाउन हेलो सरकार लगायतलाई प्रभावकारी तुल्याउनु पर्छ । प्रत्येक निकायमा गुनासो सुन्ने अधिकारी तोक्नु पर्छ ।

**फोकल पर्सन तोक्ने :**
कुनैपनि सरकारी निकायका बारेमा जानकारी दिन प्रवक्ता तोक्नु पर्छ । नागरिकले मांग गरेको सूचना दिन सूचना अधिकारी तोक्नुपर्छ । यसैगरी, लैगिंक समानता लगायतका क्षेत्रका लागि फोकल पर्सन तोक्नु पर्छ ।

**सार्वजनिक सुनवाई :**
संभव भएसम्मका निकायहरुले वर्षमा ३ पटक सार्वजनिक सुनुवाई गर्नुपर्छ । यसैगरी, वर्षेनी सामाजिक परीक्षण र सार्वजनिक परीक्षण गर्नुपर्छ ।

**सुशासन ऐनको प्रभावकारी कार्यान्वयनः**
सुशासन ऐन बमोजिम एसओपी तयार गर्ने, निर्णयको पारदर्शिता अवलम्बन गर्ने, निर्माण स्थलमा होर्डिंग वोर्ड राख्ने लगायतका कामहरु प्रभावकारीढंगले गर्नुपर्छ ।

**सुशासन आयोगको गठन :**
सुशासन ऐनको प्रभावकारी कार्यान्वयनका लागि सुशासन आयोग गठन गर्नुपर्छ । यसैगरी, आम जनताले प्रशासनबाट सास्ती व्यहोर्नु परेमा सो उपर तत्काल निर्णय दिन सक्ने प्रशासकीय अदालत खडा गर्नुपर्छ ।

**अटोमेशन प्रणाली :**
सबै सार्वजनिक निकायका काम कारवाहीलाई विद्युतीय सेवामा रुपान्तरण गर्नुपर्छ । आम जनताले सहजै अनलाईबाट सेवा पाउनुपर्छ ।

**उच्च मनोबलयुक्त कर्मचारीतन्त्र :**
सेवा प्रवाहमा संलग्न कर्मचारीको मनोबल उच्च हुनुपर्छ । यस्का लागि उनीहरुलाई राम्रो तलब भत्ता र सुविधा प्रदान गर्नुपर्छ । फ्रण्टलाईनमा खटिने कर्मचारीलाई विशेष तालीम दिनुपर्छ ।

**विचौलियामुक्त प्रशासन :**
सार्बजनिक सेवा प्रवाह गर्ने सबै निकायहरु विचौलियामुक्त हुनुपर्छ । यस्का लागि हरेक सार्वजनिक निकायमा स्वयंसेवक सहयोगी कर्मचारी सहितको हेल्पडेक्स राख्नुपर्छ ।

**नियमन भैआएका काम हटाउने :**
सरकारले गरिआएका काम कारवाही क्रमशः हटाउदै जानुपर्छ । जत्ति बढि क्षेत्रमा सरकारको हस्तक्षेप हुन्छ, त्यत्तीनै मात्रामा प्रशासनिक सास्ती व्यहोर्न जनता बाध्य हुनुपर्छ ।

**चुस्त र दुरूस्त संगठन :**
संघीय शासन प्रणाली लागू भएसंगै संघीय मन्त्रालयको संख्या १० देखि १५ भित्र कायम गरिनु पर्छ । यसैगरी, प्रदेशमा सात भन्दा बढि मन्त्रालय रहनु हुदैन । अनावश्यक सरकारी संगठन खारेजी वा मर्जरमा जानुपर्छ ।

**कार्य विवरण लागू गर्ने :**
सबै कर्मचारीको कार्यविवरण जारी गर्नुर्छ । यसबाट कुन कर्मचारीले के सेवा दिने भन्ने प्रष्ट हुनेछ ।

**कार्यसम्पादन करार :**
सबै कर्मचारीसंग कार्य सम्पादन करार गर्नुपर्छ । यसैका आधारमा कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नुपर्छ ।

**नेतृत्व पहिचान केन्द्र खडा गर्ने :**
राईट म्यान राईट प्लेसका लागि सिफारिश गर्न लिडरसीप एसिसमेण्ट सेण्टर खडा गर्नुपर्छ । यसबाट हाल भैरहेको जथाभावी सरुवा गर्ने परिपाटी अन्त्य हुनेछ ।

०००

## राष्ट्रिय सम्मेलन र साधारण सभा सम्बन्धी जरूरी सूचना

नेपाल जन प्रशासन संघको २४ औं साधारण सभा एवम् १९ औं राष्ट्रिय सम्मेलन निम्न स्थान मिति र समयमा बस्ने सम्बन्धमा सबै सदस्यहरुलाई पत्र पठाई सकिएको व्यहोरा जानकारी गराउँदछौं । उक्त पत्र प्राप्त नभएको भएता पनि यसै सूचनालाई आधारमानि साधारण सभामा उपस्थितिका लागि अनुरोध छ । थप जानकारीको लागि www.paan.org.np हेर्नु होला ।

**कार्यक्रमः**

स्थानः Arpan Banquet Pvt.Ltd., New Baneswor, KTM.
मितिः २०८० पौष १४ गते शनिवार
समयः बिहान ८:०० बजेदेखि
सम्पर्कः ९८४१३५०२८०, ९८५१०८६८११, ९८५१२३४७००

**आयोजकः**
नेपाल जन–प्रशासन संघ (PAAN)
पुल्चोक, ललितपुर । ०१-५४२४४७०

## २०८० सालको

बडा दशैं, भाईटीका, नेपाल सम्बत, छठ लगायत सम्पूर्ण चाडवाडहरुको पावन अवसरमा नेपाल जन–प्रशासन संघका सदस्यहरु एवं सम्पूर्ण नेपालीहरुको प्रगति, सु–स्वास्थ्य, दीर्घायु, सुख, शान्ति एवं समृद्धिको लागि

**हार्दिक मंगलमय शुभकामना ।**

**कृष्णहरि बाँस्कोटा**
अध्यक्ष, नेपाल जन–प्रशासन संघ (PAAN)
एवं
नेपाल जन–प्रशासन संघ परिवार
हरिहरभवन, पुल्चोक, ललितपुर ।




